लक्ष्मी जननी मिडिया हाउस प्रा.लि.द्वारा प्रकाशित
जि.प्र.का.द.नं. :-१३/०७६/०७७
जि.हु.द.नं. १/०८२/०८३

# म्याग्दी नेपाल

MYAGDI NEPAL WEEKLY
www.erupse.com साप्ताहिक

"होटल जोमसोम प्राइड"
जोमसोम मुस्ताङ,०६९-५९००८३,९८२४७२३१३६



मुक्तिनाथ तथा दामोदरकुण्ड तिर्थयात्राका क्रममा आरामदायी तथा पारीवारीक वातावरणमा खाना तथा बसाइका लागि सम्झनै पर्ने नाम ।

वर्ष ८, अंक २७ २०८३ भदौ ५ गते शुक्रबार (Friday 21 August 2026) नेपाल सम्बत् ११४५ पृष्ठ ४+२ मुल्य रु १०/-

# युवाको उद्यमशिलतामा फस्टाउदै व्यवसाय

अमृत बास्कुने




हिमाली जिल्ला म्याग्दीको सदरमुकाम बेनी र आसपासका क्षेत्रमा युवाको उद्यमशीलता उल्लेखनीय रुपमा विस्तार हुँदै जाँदा भएको रोजगारीको अवसरले थप अन्य युवाहरूलाई पनि सहज भएको छ । म्याग्दी सदरमुकाम बेनी तथा वरपरका क्षेत्रमा होटल, रेष्टुरेन्ट, प्रिन्टिङ तथा सेवा क्षेत्रका व्यवसायले स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउनुका साथै पचासौं युवालाई स्वदेशमै रोजगारीको अवसर प्रदान गरेका छन् ।

उनीहरूले थालेको व्यवसायले रोजगारी सिर्जनाको माध्यम त बन्यो नै युवाहरूलाई सफल उद्यमीका रुपमा स्थापित पनि गरेको छ । सञ्चालनमा भएका व्यवसायीहरुले स्थानीय स्तरमै आर्थिक गतिविधि बढाउन महत्वपूर्ण योगदान पुर्‍याइरहेका छन् । व्यवसायले गर्दा स्थानीय युवाहरूलाई रोजगारीको अवसर सृजना गर्ने काम त भएकै छ त्यसमाथि पनि स्थानीय उत्पादनको बजारीकरणका लागि पनि राम्रो भएको छ ।

बेनी जोमसोम सडक खण्डको गलेश्वरमा रहेको छ ठुलो भवन ताजमहल । काभ्रेको पाँचखालबाट २०५२ सालमा मुस्ताङको लेते पुगेर होटल व्यवसाय सुरू गरेका टंकलाल श्रेष्ठ अहिले म्याग्दीको गलेश्वरमा चार वटा भवनमा होटल ताजमहल तथा रेष्टुरेन्ट सञ्चालन गरिरहनु भएको छ । उहाँको व्यवसायबाट परिवारका सदस्यसहित नौ जनाले प्रत्यक्ष रूपमा रोजगारी पाएका छन् । पर्यटन व्यवसायमै दुई दशक भन्दा लामो अनुभवका आधारमा उहाँले होटल व्यवसायलाई विस्तार गर्दै आउनु भएको छ । छोराछोरी तथा श्रीमतीको मजबुत साथ र स्थानीय युवाहरूको पनि रोजगारमा देखाएको लगाबले पनि श्रेष्ठको व्यवसायलाई सफल बनाइ रहेको छ । दुई वटा आफ्नै र दुई वटा भाडाका भवनमा व्यवसाय सञ्चालन गरी रहनु भएका श्रेष्ठले अहिले भने काभ्रेबाट बसाइ सराइ गरेर म्याग्दीकै बासिन्दा समेत बन्नु भएको छ ।

त्यसैगरी, बेनी नगरपालिका-४ सोताका बलबहादुर आलेले पाँच वर्ष सम्म बागलुङमा ब्यावसाय गरेर आफ्नै थातथलोमा फर्कदै दुई वर्षअघि बेनीमा गो ग्रिन रेष्टुरेन्ट सञ्चालनमा ल्याउनुभयो । बागलुङमा व्यवसाय गर्दै आउनुभएका उहाँले दिने फरक स्वदले गर्दा पनि आकर्षण बढ्ने गरेको छ । उहाँले आफ्नो भान्सामा लसुन, प्याज तथा मासु-माछाको प्रयोग नगरी शाकाहारी परिकारमा आधारित रेष्टुरेन्ट सञ्चालन गर्दै आउनु भएको छ । उहाँको खाजाघरमा मदिरा तथा धुम्रपान पनि निशेध छ । उहाँको व्यवसायमा परिवारका दुई सदस्यसहित पाँच जना सम्मले रोजगारी पाउने गरेका छन् ।

केही समय जागीर खाएर पछि आफैले जागिर दिने बन्नु भएको छ बेनी नगरपालिका-१० पाल्लेखेतका भिमनाथ शर्माले । उहाँले सञ्चालन गरेको डिजि प्रिन्ट अहिले जिल्लाकै प्रमुख प्रिन्टिङ प्रतिष्ठानमध्ये एक बनेको छ । प्रिन्टिङ, अफसेट प्रेस, सिलालेख तथा फ्लेक्स प्रिन्टिङ सेवा प्रदान गर्दै आएको उक्त संस्थामा परिवारका दुई सदस्यसहित बाहिरका १३ जना गरी १५ जनाले प्रत्यक्ष रोजगारी पाएका छन् । यस व्यवसायसँग जोडिएका अन्य विभिन्न सेवा क्षेत्रमार्फत अप्रत्यक्ष रुपमा पनि धेरैले आम्दानीको अवसर पाएका छन् । डिजि प्रिन्टका लागि आवश्यक पर्ने फोटोफ्रेम तथा अन्य सामग्री उत्पादन गर्नेले पनि यो व्यवसाय सँग जोडिएर काम गर्ने र स्वरोजगार हुने मौका पाउने गरेको अवस्था छ ।

मुस्ताङबाट व्यवसाय गर्नका लागि म्याग्दी झरेर पछिल्लो दुई दशकदेखि बेनीमा होटल व्यवसाय गर्दै आएका बाँकी पाँचौं पृष्ठमा






सम्पादकीय

# विद्युतको हब म्याग्दी

म्याग्दीलाई प्राकृतिक स्रोतले असाध्यै धनी जिल्ला मानिन्छ। हिमाल, नदी, झरना, वनजंगल र जैविक विविधताले सम्पन्न म्याग्दीको सबैभन्दा ठूलो आर्थिक सम्भावनामध्ये जलस्रोत पनि एक हो। पछिल्ला वर्षमा जलविद्युत् क्षेत्रमा भइरहेको लगानी र निर्माणको गति हेर्दा अब म्याग्दीलाई केवल जलविद्युत्को सम्भावना भएको जिल्ला होइन, ८८जलविद्युत्को हब बन्ने बाटोमा अघि बढेको जिल्ला८८ भन्न सकिने अवस्था बनेको छ। म्याग्दीका कालीगण्डकी, म्याग्दीखोला, राहुघाट, मिस्त्रीखोला, घलेम्दी, निलगिरीलगायतका नदी तथा खोलामा एकपछि अर्को जलविद्युत् आयोजना निर्माण र सञ्चालन भइरहेका छन्। अन्नपूर्ण गाउँपालिकाको नारच्याङ क्षेत्र यसको उदाहरण हो। त्यहाँ ५ मेगावाटको घलेम्दीखोला, ४२ मेगावाटको मिस्त्रीखोला, ३८ मेगावाटको निलगिरी-१, ७१ मेगावाटको निलगिरी-२ र ६ मेगावाटको रेलेखोलाजस्ता आयोजना सञ्चालनमा आइसकेका छन्।

यतिमात्र होइन, म्याग्दीको जलविद्युत् यात्रामा अर्को महत्वपूर्ण अध्याय सुरू भएको छ। जिल्लाकै ठूलोमध्ये एक मानिएको १८० मेगावाट क्षमताको कालीगण्डकी गर्ज जलविद्युत् आयोजनाको निर्माण सुरू भएको छ। करिब ४० अर्ब रूपैयाँ लागत अनुमान गरिएको यस आयोजनाले स्थानीय अर्थतन्त्रमा ठूलो प्रभाव पार्ने अपेक्षा गरिएको छ। आयोजनाबाट उत्पादित विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा जोड्न २२० केभी प्रसारण संरचना तयार भइसकेको छ। राहुघाट क्षेत्रमा पनि जलविद्युत् आयोजनाको बाक्लो उपस्थिति छ। राहुघाट र सहायक नदीमा मात्रै विभिन्न आयोजनाको क्षमता ठूलो परिमाणमा रहेको छ। अर्कोतर्फ म्याग्दीखोला जलाधारमा पनि दरबाङ म्याग्दीखोला, अपर म्याग्दी-१, अपर म्याग्दी र म्याग्दीखोलालगायतका आयोजना अघि बढिरहेका छन्। कालीगण्डकी करिडोर क्षेत्रमा प्रस्तावित तथा निर्माण प्रक्रियामा रहेका आयोजनाले जिल्लाको ऊर्जा सम्भावनालाई अझ फराकिलो बनाएका छन्। तर प्रश्न यतिमै सकिँदैन। म्याग्दीले कति मेगावाट विद्युत् उत्पादन गर्छ भन्नेभन्दा पनि त्यसबाट म्याग्दीले कति लाभ लिन्छ भन्ने प्रश्न अब महत्वपूर्ण हो।  जलविद्युत् आयोजना बन्नु आफैँमा विकासको पर्याय होइन। आयोजना बनेपछि स्थानीय नागरिकको जीवनस्तरमा परिवर्तन आउनुपर्छ। स्थानीय युवाले रोजगारी पाउनुपर्छ। स्थानीय व्यवसाय विस्तार हुनुपर्छ। प्रभावित परिवारले उचित मुआब्जा, पुनर्स्थापना र अवसर पाउनुपर्छ। स्थानीयवासीले आयोजनाको संस्थापक तथा प्रभावित क्षेत्रको सेयरमा अर्थपूर्ण सहभागिता जनाउन पाउनुपर्छ। सबैभन्दा महत्वपूर्ण कुरा, जलविद्युत् आयोजनाबाट प्राप्त हुने राजस्व र आर्थिक गतिविधिलाई दीर्घकालीन विकासमा रुपान्तरण गर्न स्थानीय तह र जिल्लाले स्पष्ट योजना बनाउनुपर्छ। जलविद्युत् आयोजनाले सडक बनाउँछ, प्रसारण लाइन बनाउँछ, बजार चलाउँछ र ठूलो पूँजी जिल्लामा भित्र्याउँछ। तर त्यसको प्रभाव आयोजनाको गेटभित्र मात्र सीमित भयो भने म्याग्दीले ठूलो अवसर गुमाउनेछ। आयोजना निर्माणसँगै स्थानीय कृषि, पर्यटन, होटल व्यवसाय, यातायात, निर्माण व्यवसाय, सीप विकास र साना उद्यमलाई जोड्न सक्नुपर्छ। त्यसका लागि स्थानीय तहबीच समन्वय आवश्यक छ। जलविद्युत् कम्पनी, स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारबीचको सम्बन्ध केवल कर तथा अनुमति प्रक्रियामा सीमित हुनुहुँदैन। जलविद्युत्लाई जिल्लाको समग्र आर्थिक रुपान्तरणको आधार बनाउने साझा योजना आवश्यक छ।अर्को चुनौती वातावरणीय सन्तुलनको हो। नदीमा पानी छ भन्दैमा जति सकिन्छ त्यति विद्युत् निकाल्ने सोच मात्र पर्याप्त हुँदैन। नदी, जलचर, वन, जैविक विविधता र स्थानीय समुदायको अधिकारलाई पनि उत्तिकै महत्व दिनुपर्छ। विकास र वातावरणबीच सन्तुलन कायम गर्न नसकिए जलविद्युत्को लाभभन्दा त्यसको सामाजिक तथा वातावरणीय लागत ठूलो हुन सक्छ।

म्याग्दी अहिले एउटा ऐतिहासिक अवसरको मोडमा छ। वर्षौंदेखि विकासको प्रतीक्षा गरिरहेको जिल्लामा जलविद्युत्ले ठूलो पूँजी, प्रविधि र पूर्वाधार भित्र्याइरहेको छ। अब म्याग्देलीले केवल आफ्नो खोला अरुलाई दिएर विद्युत् उत्पादन भएको हेर्ने होइन, त्यसबाट सिर्जना हुने आर्थिक अवसरमा आफ्नो हिस्सेदारी सुनिश्चित गर्नुपर्छ। म्याग्दी जलविद्युत्को हब बन्दैछ। अब यसलाई समृद्धिको हब बनाउने जिम्मेवारी म्याग्देलीको हो। खोला हाम्रो हो, स्रोत हाम्रो हो, सम्भावना हाम्रो हो। त्यसैले त्यसबाट सिर्जना हुने अवसरमा स्थानीय नागरिकको हिस्सेदारी पनि सुनिश्चित हुनुपर्छ। जलविद्युत् आयोजना सकिएपछि टनेल, बाँध र पावरहाउस मात्र बाँकी नरहून्ह्य त्यससँगै रोजगारी बढेको होस्, व्यवसाय फस्टाएको होस्, गाउँमा युवा फर्किएका हुन् र स्थानीय अर्थतन्त्र बलियो बनेको होस्। त्यसपछि मात्र भन्न सकिनेछ म्याग्दी जलविद्युत्को हब मात्र बनेन, जलविद्युतबाट समृद्ध बन्ने जिल्लाको उदाहरण पनि बन्यो ।

# 'मालिकाको पर्यटन विकासले स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउँछ'

**म्याग्दीको मालिका गाउँपालिका प्राकृतिक सौन्दर्य, धार्मिक तथा सांस्कृतिक सम्पदा, मगर समुदायको मौलिक जीवनशैली, हिमश्रृङ्खलाको दृश्यावलोकन तथा कृषि र पर्यापर्यटनका दृष्टिले महत्वपूर्ण सम्भावना बोकेको स्थानीय तह हो। गाउँपालिकाभित्र रहेका मालिका थान, प्रभुचेला ध्यानाश्रम, पाथीभरा, बराहताल, विभिन्न सिद्धथान, दुरुलेक, शोले, देउराली, देउताभीरलगायतका धार्मिक तथा प्राकृतिक गन्तव्यलाई व्यवस्थित ढंगले विकास र प्रवर्द्धन गर्न सके ग्रामीण पर्यटनको आकर्षक गन्तव्यका रूपमा स्थापित गर्न सकिने सम्भावना छ। यही सम्भावनालाई ध्यानमा राख्दै मालिका गाउँपालिका र म्याग्दी उद्योग वाणिज्य संघ, मालिका गाउँपालिका बजार इकाइले चालु आर्थिक वर्षभर पर्यटन प्रवर्द्धन अभियान सञ्चालन गर्ने तयारी गरेका छन्। पर्यटनलाई केवल घुमफिरसँग मात्र नभई स्थानीय उत्पादन, रोजगारी, उद्यमशीलता, कला-संस्कृति र समग्र स्थानीय अर्थतन्त्रसँग जोड्ने उद्देश्य राखिएको छ। यसै सन्दर्भमा मालिका गाउँपालिकाका अध्यक्ष बेगप्रसाद गर्बुजासँग गाउँपालिकाको पर्यटन विकासको दीर्घकालीन सोच, प्रचार-प्रसारको रणनीति, पूर्वाधार विकास, निजी क्षेत्रसँगको सहकार्य तथा स्थानीय समुदायको भूमिकाबारे अमृत बास्कुनेले गरेको विशेष अन्तरवार्ता प्रस्तुत गरेका छौं।**



**- स्थानीय समुदाय, मालिका गाउँपालिका र उद्योग वाणिज्य संघले चालु आर्थिक वर्षभर पर्यटन प्रवर्द्धन अभियान सञ्चालन गर्ने निर्णय किन र कुन उद्देश्यले गर्नुभएको हो?**

उत्तर : मालिका गाउँपालिकाभित्र पर्यटनका लागि सम्भावना भएका धेरै क्षेत्र छन्। तर सम्भावना हुनु मात्र पर्याप्त हुँदैन। ती गन्तव्यको पहिचान, प्रचारप्रसार, पूर्वाधार विकास र पर्यटकलाई त्यहाँसम्म पुग्ने वातावरण निर्माण गर्न आवश्यक हुन्छ।  हाम्रो मुख्य उद्देश्य मालिका गाउँपालिकाभित्र रहेका पर्यटकीय गन्तव्यलाई व्यवस्थित रुपमा चिनाउनु हो। पर्यटनको विकास भयो भने त्यसको प्रत्यक्ष प्रभाव स्थानीय अर्थतन्त्रमा पर्छ। पर्यटक गाउँमा आएपछि होटल तथा होमस्टेमा बस्छन्, स्थानीय उत्पादन खरिद गर्छन्, यातायात प्रयोग गर्छन्, स्थानीय कला-संस्कृतिसँग जोडिन्छन्। यसबाट किसान, व्यवसायी, युवा, महिला तथा विभिन्न समुदायका मानिसले आम्दानी गर्ने अवसर प्राप्त गर्छन्। त्यसैले पर्यटनलाई हामीले केवल पर्यटक ल्याउने विषयका रुपमा हेरेका छैनौँ। यो स्थानीय रोजगारी सिर्जना गर्ने, उत्पादनको बजार विस्तार गर्ने, युवालाई गाउँमै उद्यम गर्न प्रेरित गर्ने र हाम्रो मौलिक कला तथा संस्कृतिलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरसम्म पुऱ्याउने माध्यम हो। उद्योग वाणिज्य संघ निजी क्षेत्रको प्रतिनिधिमूलक संस्था भएकाले गाउँपालिकासँगको सहकार्यमा पर्यटन प्रवर्द्धन अभियान सञ्चालन गर्दा यसको प्रभाव अझ व्यापक हुने हाम्रो विश्वास हो। सरकार, निजी क्षेत्र र स्थानीय समुदायबीच सहकार्य गरेर पर्यटन विकास गर्ने उद्देश्यले यो अभियान अघि बढाइएको हो।

**- मालिका गाउँपालिकाभित्र रहेका पर्यटकीय गन्तव्यमध्ये कुन-कुन स्थललाई प्राथमिकताका साथ प्रवर्द्धन गर्ने योजना छ?**

उत्तर : मालिका गाउँपालिकामा एउटै प्रकारको पर्यटन होइन, विविध प्रकृतिका पर्यटनको सम्भावना छ। धार्मिक पर्यटन, प्राकृतिक पर्यटन, पर्यापर्यटन, कृषि पर्यटन, सांस्कृतिक पर्यटन तथा पदयात्रासँग जोडिएका गन्तव्य यहाँ छन्। मालिका थान, प्रभुचेला ध्यानाश्रम, पाथीभरा, बराहताल, विभिन्न सिद्धथान, दुरूलेक, शोले, देउराली, देउताभीरलगायतका धार्मिक तथा प्राकृतिक गन्तव्यलाई प्राथमिकतामा राखेका छौँ। बराहतालजस्ता प्राकृतिक गन्तव्यले प्रकृति र साहसिक पर्यटनको सम्भावना बोकेका छन्। मालिका थानलगायत धार्मिक स्थलले धार्मिक तथा आध्यात्मिक पर्यटनको सम्भावना बोकेका छन्। त्यस्तै, मगर समुदायको मौलिक कला, संस्कृति, भाषा, परम्परा र जीवनशैली आफैँमा पर्यटकीय आकर्षण बन्न सक्छ। हामीले एउटा मात्र गन्तव्यलाई ठूलो बनाएर अरुलाई ओझेलमा पार्नेभन्दा मालिका गाउँपालिकाभित्र रहेका विभिन्न गन्तव्यलाई एउटै पर्यटन सर्किटमा जोड्ने सोच बनाएका छौँ। पर्यटक एउटा स्थानमा आएर अर्को स्थानसम्म पुग्न सक्ने वातावरण बनाउन सकियो भने पर्यटकको बसाइ लम्ब्याउन सकिन्छ। पर्यटकको बसाइ लम्बिनु भनेको स्थानीय क्षेत्रमा बढी आर्थिक गतिविधि हुनु हो।

**- पर्यटन प्रवर्द्धनका लागि सडक, पदमार्ग, खानेपानी, शौचालय, सूचना केन्द्र तथा अन्य पूर्वाधार विकासमा गाउँपालिकाले के-कस्ता योजना अघि बढाएको छ?**

उत्तर : पर्यटनको विकासका लागि पूर्वाधार सबैभन्दा महत्वपूर्ण पक्ष हो। सुन्दर गन्तव्य भएर मात्र पर्यटक आउँदैनन्। त्यहाँ पुग्ने बाटो, पदमार्ग, खानेपानी, शौचालय, बस्ने व्यवस्था, सूचना तथा सुरक्षा आवश्यक हुन्छ। यसलाई ध्यानमा राखेर विभिन्न पर्यटकीय स्थलमा सडक तथा पैदलमार्ग निर्माण र सुधार, खानेपानी तथा शौचालयको व्यवस्था, सूचना प्रवाहका लागि आवश्यक संरचना तथा नक्साङ्कनलगायतका काम अघि बढाएका छौँ। तर सबै काम एकैपटक सम्पन्न गर्न सम्भव हुँदैन। गाउँपालिकाको स्रोत सीमित भएकाले प्राथमिकता निर्धारण गरेर क्रमशः पूर्वाधार विकास गर्दै जाने नीति लिएका छौँ। आगामी वर्षहरुमा पनि पर्यटन क्षेत्रका पूर्वाधारलाई निरन्तरता दिने योजना छ। विशेषगरी पर्यटकीय गन्तव्यसम्म पुग्ने पहुँचमार्ग, पदमार्गको स्तरोन्नति, पर्यटकका लागि आधारभूत सुविधा र सूचना प्रणालीलाई थप व्यवस्थित गर्ने आवश्यकता छ।

**- स्थानीय संस्कृति, परम्परा, मगर समुदायको मौलिक जीवनशैली तथा स्थानीय उत्पादनलाई पर्यटनसँग जोड्ने गाउँपालिकाको रणनीति कस्तो छ?**

उत्तर : मालिका गाउँपालिकाको पर्यटनको सबैभन्दा ठूलो शक्ति यहाँको प्राकृतिक सुन्दरता मात्र होइन, यहाँको मौलिक संस्कृति पनि हो। मालिका गाउँपालिकामा मगर समुदायको बाक्लो बसोबास छ। मगर समुदायको कला, संस्कृति, भाषा, परम्परा, भेषभूषा, नृत्य, गीत, खानपान र जीवनशैली अत्यन्तै समृद्ध छन्। यी कुरालाई संरक्षण गर्दै पर्यटनसँग जोड्न सकियो भने यसले स्थानीय संस्कृतिको संरक्षण पनि गर्छ र आम्दानीको अवसर पनि सिर्जना गर्छ। हामी पालिकास्तरमा मौलिक लोकसंस्कृतिका प्रतियोगिता तथा कार्यक्रम सञ्चालन गर्ने, स्थानीय कला-संस्कृतिको जगेर्ना गर्ने तथा नयाँ पुस्तालाई आफ्नो मौलिक पहिचानसँग जोड्ने प्रयास गरिरहेका छौँ। स्थानीय पाठ्यक्रममा खाम भाषाको पठनपाठन गराउने प्रयास पनि यही उद्देश्यसँग जोडिएको छ। भाषा र संस्कृति जोगिएन भने पर्यटनका नाममा हामीले आफ्नो मौलिक पहिचान गुमाउन सक्छौँ। त्यसैले पर्यटन विकाससँगै सांस्कृतिक संरक्षणलाई पनि समान प्राथमिकता दिनुपर्छ।

बाँकी पाँचौं पृष्ठमा

# जहाँ आस्थाको ऐना बनेर हिमाल मुस्कुराउँछन्

कल्पना गर्नुहोस् बिहानको सफा आकाश । वरिपरि हरिया डाँडाकाँडा । टाढा सेता हिमालहरु घामको पहिलो किरणसँगै चम्किरहेका छन् । तपाईं एउटा शान्त तालको किनारमा उभिनुभएको छ । हावाको मधुरो स्पर्शसँगै तालको पानीमा हिमालको छाया खेलिरहेको छ । केही क्षणपछि तपाईंले तालको सतहमा आफ्नै आँखाअगाडि धौलागिरि हिमालसँगै म्याग्दीको प्रसिद्ध धार्मिकस्थल मालिका मन्दिरको प्रतिबिम्ब देख्नुहुन्छ । त्यो कुनै कल्पनाको दृश्य होइन । यो हो–म्याग्दीको मालिका गाउँपालिका-७ बिम बाइन्दाफाँटको बराहताल ।

बराहताल आकारमा सानो होला, तर यसको कथा, आस्था, प्रकृति र सम्भावना भने निकै विशाल छ । गाउँको शिरमा अवस्थित यो ताल केवल पानी जमेको एउटा प्राकृतिक पोखरी होइन । यो स्थानीयका लागि आस्थाको केन्द्र, प्रकृतिको पूजा गर्ने थलो, पुरानो विश्वासको धरोहर र सम्भावनाले भरिएको पर्यटकीय गन्तव्य हो ।

बराहताल पुग्ने बाटोमा पाइला अघि बढाउँदै गर्दा बिस्तारै बदलिँदै जाने भूगोल, गाउँबस्ती, वनजंगल, पहाड र खुला आकाशले यात्रालाई नै एउटा अनुभवमा बदलिदिन्छ । अनि जब तालको किनारमा पुगिन्छ, लामो यात्राको थकान एकैछिनमा हराउँछ ।

किनकि त्यहाँ केवल ताल छैन तालमा प्रतिबिम्बित हुने एउटा फरक अनि सुन्दर संसार पनि छ । मौसम खुलेको बिहान । वरिपरि हरिया डाँडाकाँडा । टाढा देखिने हिमालका चुचुराहरुमा घामको किरण पर्दैछ । शान्त तालको पानी ऐनाजस्तै स्थिर हुन्छ । तालको सतहमा धौलागिरि हिमालको प्रतिबिम्ब देखिन्छ । त्यही प्रतिबिम्बसँगै म्याग्दीको प्रसिद्ध धार्मिकस्थल मालिका मन्दिरको आकृति पानीमा देखिँदा दृश्य थप मनमोहक बन्छ ।

म्याग्दीको मालिका गाउँपालिका-७ बिमको बाइन्दाफाँटमा रहेको बराहताल पुग्ने पर्यटकका लागि यस्तो दृश्य नौलो अनुभव बन्न सक्छ । समुद्री सतहदेखि करिब दुई हजार तीन सय मिटरको उचाइमा रहेको यो ताल धार्मिक तथा प्राकृतिक पर्यटनको सम्भावना बोकेको गन्तव्यका रुपमा विकास हुँदै गएको छ ।

क्षेत्रफलका हिसाबले करिब आधा रोपनीमा फैलिएको र तीन मिटरभन्दा बढी गहिराइ रहेको बराहताल आकारमा धेरै ठूलो छैन । तर यसको धार्मिक इतिहास, स्थानीय विश्वास, प्राकृतिक बनोट र वरपरबाट देखिने हिमाली दृश्यले यसको महत्वलाई फराकिलो बनाएको छ । यस पोखरी अनि यो संगै रहेको बराहको पुजा वि.सं. १९०३ देखि थालिएको मान्यता छ । यहाँ बराह पुजा हुन थालेकै समय जंगबहादुर राणाले नेपालमा जहानिया राणा शासनको शुरूआत गरेका थिए । वि.सं. १९०३ देखि २००७ सम्म नेपालमा राणा शासन चलेको थियो भने त्यही १९०३ देखि शुरू भएको बराह पुजा भने अहिले सम्म पनि जारी छ । ऐतिहासीक मान्यता र निरन्तरताको अवस्था हेर्ने हो भने १८० वर्ष देखि लगातार यहाँ उधौली र उभौली पुजा हुँदै आएको छ ।




स्थानीयका अनुसार बाइन्दाफाँट गाउँको शिरमा रहेको यो ताल प्राकृतिक रुपमा बनेको हो । तालको माथिल्लो भागमा बराह थान छ । बराह थान नजिकै रहेको पानीको मूलबाट ताल बनेको स्थानीयको भनाइ छ ।

स्थानीय अगुवा छकप्रसाद पाइजाका अनुसार बराहतालमा विक्रम संवत् १९०३ देखि नियमित रुपमा पूजा हुँदै आएको छ । बुढापाकाको भनाइलाई आधार मान्दा यहाँ करिब दुई सय वर्षअघिदेखि बराह भगवानको पूजा हुँदै आएको स्थानीय बताउँछन् ।

**भूमि र प्रकृतिको पूजा :** बराहतालको धार्मिक परम्परा यहाँका स्थानीयको कृषि प्रणाली र प्राकृतिक वातावरणसँग प्रत्यक्ष जोडिएको छ । स्थानीयका अनुसार बराह पूजा केवल धार्मिक अनुष्ठान मात्र होइन, भूमि र प्रकृतिको पूजा पनि हो । स्थानीय रैप्रसाद जुगजाली मगरका अनुसार बुढापाकाले जे परम्परा बसाउँदै आए, त्यसैलाई आधार बनाएर अहिले पनि पूजा गरिँदै आएको छ । हिउँदे र वर्षेबालीको राम्रो उत्पादन, पशुचौपायाको सुरक्षा तथा मानिसको सुख-शान्तिका लागि बराह भगवानको पूजा गर्ने चलन रहेको उनी बताउछन् ।

"बराह पूजा भनेको भूमि पूजा हो, प्रकृतिको पूजा हो," उहाँ भन्नुहुन्छ, "पूजा गरेमा अन्नबाली राम्रो हुने, पशुचौपाया र मानिसलाई समेत राम्रो हुने जनविश्वास छ ।" बराहतालमा वर्षमा दुईपटक विशेष पूजा गरिन्छ । स्थानीय परम्पराअनुसार बैशाखमा चण्डी पूर्णिमाका अवसरमा उभौली पूजा गरिन्छ भने कार्तिकमा पहिलो मंगलबार उधौली पूजा गर्ने चलन छ ।

पूजाको अघिल्लो दिनदेखि उपवास बस्ने र शुद्ध भएर पूजामा सहभागी हुने परम्परा रहेको स्थानीय बताउँछन् । वर्षौंदेखि कायम रहेको अर्को रोचक परम्परा ताल वरपरको सरसफाइसँग जोडिएको छ । तालको आसपास रहेको झाडी सफा गर्ने काम कन्या तथा केटाहरुले मात्रै गर्ने चलन रहेको स्थानीयको भनाइ छ । बराहताललाई पवित्रस्थलका रुपमा लिइने भएकाले तालमा फोहोर गर्न नहुने मान्यता छ । तालको पवित्रता बिगार्दा गाउँमा कुनै विपत्ति आउन सक्ने विश्वाससमेत स्थानीयमा रहेको जुगजाली बताउनुहुन्छ ।

स्थानीय विश्वासलाई वैज्ञानिक प्रमाणका रुपमा व्याख्या गर्न नसकिए पनि यसले प्राकृतिक सम्पदाको संरक्षणमा स्थानीय समुदायको भूमिका भने देखाउँछ । पुस्तौंदेखि धार्मिक आस्थासँग जोडिएको विश्वासले ताल र वरपरको क्षेत्र सफा तथा संरक्षित राख्न स्थानीयलाई प्रेरित गरेको छ ।

**बलिदेखि भाकलसम्मको परम्परा :** बराहतालको धार्मिक परम्परामा भेडाको बलि दिने चलन पनि रहेको छ । वडा अध्यक्ष टकबहादुर पुनका अनुसार यहाँ वर्षेनी बराह भगवानलाई भेडाको बलि दिने परम्परा कायम छ ।

तालमा रहेको जलबराहको पूजाआजा तथा भाकल गरेमा मनोकामना पूरा हुने जनविश्वास रहेको स्थानीय बताउँछन् । कृषि उत्पादन, पशुचौपाया र मानव जीवनको समृद्धिका लागि बराह भगवानसँग प्रार्थना गर्ने परम्परा अहिले पनि कायम छ । यही धार्मिक विश्वासका कारण बराहताल स्थानीयका लागि पर्यटनस्थलभन्दा पहिला आस्थाको केन्द्र हो । यहाँ पुग्ने मानिसले प्राकृतिक सुन्दरतासँगै स्थानीय धार्मिक संस्कृति र परम्परालाई समेत बुझ्न सक्छ ।

**तालमा देखिन्छ हिमालको प्रतिबिम्ब :** बराहतालको प्रमुख प्राकृतिक आकर्षण भनेको यहाँबाट देखिने हिमाली दृश्य हो । मौसम सफा भएको समयमा तालको पानीमा धौलागिरि हिमालको प्रतिबिम्ब देख्न सकिन्छ । त्यस्तै म्याग्दीको प्रसिद्ध धार्मिकस्थल मालिका मन्दिरतर्फको दृश्य पनि आकर्षक देखिन्छ ।

ताल आसपासबाट गुर्जा हिमाल, ग्रामीण बस्ती, वनजंगल, पहाड र हरियालीको दृश्य अवलोकन गर्न सकिन्छ । प्राकृतिक तथा जैविक विविधताले समेत भरिएको यो क्षेत्र प्रकृति अवलोकन, पदयात्रा र ग्रामीण पर्यटनका लागि उपयुक्त हुनसक्ने स्थानीयको भनाइ छ ।

वडा अध्यक्ष पुनका अनुसार बराहताल धार्मिक दृष्टिले मात्र नभई पर्यटकीय दृष्टिले पनि महत्वपूर्ण छ ।

"यहाँबाट चारैतिरका हिमालको दृश्य नाङ्गो आँखाले देख्न सकिन्छ," उहाँ भन्नुहुन्छ, "हिमालसँगै तालको मनोरम दृश्य हेर्न चाहनेका लागि बराहताल आकर्षक गन्तव्य बन्न सक्छ ।"

**ओझेलबाट पर्यटनको गन्तव्यतर्फ :** प्राकृतिक र धार्मिक महत्व हुँदाहुँदै पनि बराहताल लामो समयसम्म पर्याप्त प्रचारप्रसारको अभावमा ओझेलमा परेको थियो । भौगोलिक विकटता, सडक तथा पदमार्गलगायतका पूर्वाधारको कमीले गर्दा बाहिरबाट आउने पर्यटकको संख्या न्यून थियो ।

पछिल्लो समय भने स्थानीय तह र समुदायले बराहतालको सम्भावनालाई प्राथमिकतामा राख्न थालेका छन् । बराहताल परिसरमा ढुङ्गाको आकर्षक पर्खाल निर्माण गरिएको छ । बाइन्दाफाँटस्थित बराहतालदेखि मालिका धुरीसम्म पुग्ने सडक तथा पदमार्ग निर्माण गरिएको वडा कार्यालयले जनाएको छ । दरवाङ बजारदेखि बाइन्दाफाँट हुँदै बराहताल पुग्ने पहुँचसमेत क्रमशः सहज बन्दै गएको छ ।

पश्चिम म्याग्दीको प्रमुख व्यापारिक केन्द्रका रुपमा रहेको दरवाङ बजारबाट करिब एक घण्टाको दूरीमा बराहताल पुग्न सकिने स्थानीयको भनाइ छ ।

स्थानीय छकप्रसाद पाइजाका अनुसार बराहताललाई धार्मिक तथा पर्यटकीय गन्तव्यका रुपमा विकास गर्न स्थानीयस्तरबाट प्रचारप्रसारको प्रयास भइरहेको छ ।

**मालिका पर्यटन सर्किटसँग जोड्ने सम्भावना :** बराहताललाई एक्लो गन्तव्यका रुपमा मात्र नभई आसपासका धार्मिक तथा पर्यटकीय क्षेत्रसँग जोडेर विकास गर्न सकिने सम्भावना छ ।

बराहतालबाट मालिका धुरीतर्फ जान सकिन्छ । प्रभुचेला तथा पाथिभरा माताको दर्शन गर्न जाने पर्यटकका लागि पनि बराहताल आकर्षक दृश्यावलोकनस्थल बन्न सक्छ ।

यसरी दरवाङबाट सुरु भएर बाइन्दाफाँट, बराहताल, मालिका धुरी, प्रभुचेला र पाथिभरासम्म जोडिने धार्मिक तथा पर्यटकीय मार्ग विकास गर्न सकिएमा यस क्षेत्रमा पर्यटन गतिविधि बढाउन सकिने स्थानीयको अपेक्षा छ ।

मालिका गाउँपालिकाले बराहताललाई गाउँपालिकाभित्रका ३५ पर्यटकीय गन्तव्यमध्ये समावेश गरेर प्रचारप्रसारलाई थप प्रभावकारी बनाउने प्रयास गरेको छ । गाउँपालिका अध्यक्ष बेगप्रसाद गर्बुजाका अनुसार बराहतालको भौगोलिक बनोट, प्राकृतिक दृश्य र यहाँबाट देखिने हिमाली क्षेत्रले बाह्य पर्यटकलाई समेत आकर्षित गर्न सक्ने सम्भावना छ । उहाँका अनुसार बराहताललाई धार्मिक तथा पर्यटकीय गन्तव्यको अनुपम स्थलका रुपमा विकास गर्न स्थानीय तहबाट पहल भइरहेको छ ।

"बराहताललाई धार्मिक र पर्यटकीय गन्तव्यका रुपमा विकास गर्ने पर्याप्त सम्भावना छ," उहाँ भन्नुहुन्छ, "यसको प्रचारप्रसारसँगै आवश्यक पूर्वाधार विकासमा ध्यान दिनुपर्ने आवश्यकता छ ।"

**प्रकृतिसँगै संस्कृति जोगाउने चुनौती :** बराहतालको विकाससँगै यसको प्राकृतिक तथा सांस्कृतिक मौलिकता जोगाउनु अर्को महत्वपूर्ण विषय हो ।

स्थानीयले बराहताललाई प्राकृतिक रुपमा रहेको सिमसार क्षेत्रका रुपमा समेत लिने गरेका छन् । त्यसैले पर्यटन पूर्वाधार निर्माण गर्दा तालको प्राकृतिक बनोट र वातावरणमा असर नपर्ने गरी काम गर्नुपर्ने स्थानीयको सुझाव छ । स्थानीय जुगजालीका अनुसार बराहताललाई संरक्षण गर्न सकिएन भने यसको धार्मिक तथा पर्यटकीय महत्वसमेत कमजोर हुने भएकाले सबै पक्षले संरक्षणमा ध्यान दिनुपर्ने आवश्यकता छ ।

पर्यटक बढ्दै जाँदा फोहोर व्यवस्थापन, खानेपानी, शौचालय, सूचना केन्द्र, विश्रामस्थल, पदमार्गको स्तरोन्नति र नियमित सरसफाइ आवश्यक हुने देखिन्छ । त्यस्तै तालको धार्मिक महत्व र स्थानीय संस्कृतिबारे पर्यटकलाई जानकारी गराउने व्यवस्था गर्न सकेमा यहाँ आउने पर्यटकले केवल दृश्यावलोकन गर्ने नभई स्थानीय संस्कृति बुझ्ने अवसरसमेत पाउनेछन् ।

**आन्तरिक पर्यटकको रोजाइ बन्न थालेको संकेत :** पूर्वाधार निर्माण र प्रचारप्रसारको प्रयाससँगै पछिल्लो समय बराहतालमा आन्तरिक पर्यटक पुग्न थालेका छन् । विशेषगरी स्थानीय तथा आसपासका जिल्लाबाट घुम्न आउने र प्रकृति अवलोकन गर्नेको संख्या बढ्दै गएको स्थानीय बताउँछन् ।

सामाजिक सञ्जालमा प्राकृतिक तथा नयाँ गन्तव्यको खोजी बढ्दै जाँदा बराहतालले पनि नयाँ पुस्ताको ध्यान खिच्न सक्ने सम्भावना छ । तालमा धौलागिरि तथा अन्य हिमशृङ्खलाको प्रतिबिम्ब देखिने दृश्य, ग्रामीण बस्ती, वनजंगल र पहाडी भूगोल फोटो तथा भिडियोका लागि समेत आकर्षक बन्न सक्छ । प्राकृतिक दृश्यसँगै धार्मिक कथा र स्थानीय संस्कृतिको संयोजन बराहतालको अर्को विशेषता हो । पर्यटन बजारमा यस्ता मौलिक गन्तव्यको माग बढिरहेका बेला बराहताललाई व्यवस्थित रुपमा प्रस्तुत गर्न सके म्याग्दीको पर्यटन नक्सामा यसको छुट्टै पहिचान स्थापित गर्न सकिने देखिन्छ ।

**संरक्षणसहित विकासको खाँचो :** बराहतालको सम्भावना ठूलो भए पनि यसलाई पर्यटकीय गन्तव्यका रुपमा स्थापित गर्न योजनाबद्ध विकास आवश्यक देखिन्छ । पहिलो प्राथमिकता तालको संरक्षण हुनुपर्ने स्थानीयको भनाइ छ । त्यसपछि पहुँचमार्ग, पदमार्ग, विश्रामस्थल, खानेपानी, शौचालय, सूचना पाटी, फोहोर व्यवस्थापन तथा पर्यटकका लागि आवश्यक आधारभूत संरचना विस्तार गर्नुपर्ने देखिन्छ । त्यस्तै स्थानीय धार्मिक परम्परा, पूजा विधि, बराहतालसँग जोडिएको इतिहास तथा मौखिक कथनलाई अभिलेखीकरण गर्न सके यस क्षेत्रको सांस्कृतिक महत्व पनि सुरक्षित रहनेछ ।

बराहतालको पर्यटन विकास स्थानीय समुदायको सहभागितामा गर्न सकिएमा त्यसबाट गाउँको आर्थिक गतिविधिसमेत बढाउन सकिने अपेक्षा गर्न सकिन्छ । स्थानीय उत्पादन, कृषि उपज, घरेलु परिकार, हस्तकला र ग्रामीण

बाँकी चौथो पृष्ठमा

## जहाँ......

होमस्टेलाई पर्यटनसँग जोड्न सके बराहतालको यात्रा स्थानीय अर्थतन्त्रसँग जोडिन सक्छ ।

**हिमालको ऐनामा आफ्नो अनुहार खोज्ने ठाउँ :** म्याग्दीमा पर्यटकीय सम्भावना बोकेका धेरै गन्तव्य छन् । तीमध्ये बिम बाइन्दोफाँट बराहतालको पहिचान भने केही फरक छ । यहाँ हिमाल हेर्न सकिन्छ । ताल हेर्न सकिन्छ । गाउँ हेर्न सकिन्छ । जंगल र पहाड हेर्न सकिन्छ । धार्मिक आस्था बुझ्न सकिन्छ । पुरानो संस्कृति र परम्परासँग परिचित हुन सकिन्छ । सबैभन्दा महत्वपूर्ण कुरा यी सबै कुरा एउटै गन्तव्यमा अनुभव गर्न सकिन्छ । बाइन्दाफाँटको शिरमा शान्त भएर बसेको बराहतालले दुई सय वर्षभन्दा लामो धार्मिक परम्परालाई आफ्नो छातीमा बोकेको छ । तालको पानीमा हिमालको प्रतिबिम्बसँगै स्थानीयको आस्था प्रतिबिम्बित हुन्छ । यसैले बराहतालको पर्यटन विकास केवल नयाँ पर्यटकीय गन्तव्य थप्ने विषय होइन । यो स्थानीय संस्कृति, धार्मिक परम्परा, प्राकृतिक सम्पदा र ग्रामीण अर्थतन्त्रलाई एउटै सूत्रमा जोड्ने अवसर पनि हो ।

मालिका गाउँपालिकाले यसलाई ३५ पर्यटकीय गन्तव्यमध्ये समावेश गरेर प्रचारमा ल्याउनु सकारात्मक सुरुवात हो । अब यसको दीर्घकालीन संरक्षण, पूर्वाधार विकास र योजनाबद्ध प्रचारप्रसार आवश्यक छ । बराहताल पुग्ने यात्रुका लागि यो यात्रा केवल एउटा तालसम्म पुग्ने यात्रा हुनेछैन । यो म्याग्दीको ग्रामीण जीवन, धार्मिक आस्था र हिमाली प्रकृतिलाई नजिकबाट बुझ्ने यात्रा हुनेछ । मौसम खुलेको बेला जब तालको शान्त पानीमा धौलागिरि हिमाल र मालिका क्षेत्रको प्रतिबिम्ब देखिन्छ, त्यतिबेला बराहतालको वास्तविक सौन्दर्य महसुस गर्न सकिन्छ । सायद यही कारण बराहतालको परिचय एउटा वाक्यमा यसरी दिन सकिन्छ । "जहाँ आस्थाले प्रकृतिलाई भेट्छ र तालको पानीमा हिमाल मुस्कुराउँछ, त्यही हो बिमको बराहताल ।" बिम बराहताल संग एउटा मान्यता पनि जोडिएको छ । बराह भगवानले स्थानीय युवती सँग प्रेम गरी विवाह गरेको र उनीबाट बच्चा जन्मेको साथै बच्चाले मानव सँगको भेटका कारण ज्यान गुमाउँदा बराह रिसाएर आफ्नी श्रीमतीको आँखा फोडीदिँदा बगेको रगतले गर्दा बराह तालको रंग पनि फरक फरक हुने भन्ने जनविश्वास पनि बराह तालको अर्को एक गोप्य तथा अद्भुत मान्यता हो ।


टकबहादुर पुन, ७ नम्बर वडा अध्यक्ष





**३५ दिनभित्र यी ५ घटना दर्ता गरौं**
**समयमै व्यक्तिगत घटना दर्ता गरौं, आफ्नो कानुनी पहिचान र अधिकार सुरक्षित गरौं।**
**१. जन्म दर्ता, २. मृत्यु दर्ता, ३. विवाह दर्ता, ४. सम्बन्ध विच्छेद दर्ता, ५. बसाईंसराइ दर्ता**
**३५ दिनभित्र दर्ता गर्दा नि:शुल्क हुन्छ । सबैले आफ्नो सम्बन्धित वडा कार्यालयमा सम्पर्क गरौं**




**मालिका गाउपालिका, ७ नम्बर वडा कार्यालय, बिम**


# साप्ताहिक राशीफल






**मिति :- २०८३।०४।२९ देखि २०८३।०५।०४**

**मेष** - Aries **चु, चे, चो, ला, लि, लु, ले, लो, अ**
प्रारम्भमा केही विवादास्पद काममा अलमल हुनेछ। परिस्थितिले फजुल खर्च गराउन सक्छ। तापनि मिहिनेत गर्दा केही अवसर प्राप्त हुनेछ। प्रयत्न गर्दा पछि फाइदा हुने काम प्रारम्भ हुनेछ। मंगलवारपछि यात्राको प्रक्रिया अघि बढ्नेछ। भौतिक साधन जुट्नुका साथै दिगो फाइदा हुने काम प्रारम्भ हुन सक्छ। अवसरले जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ। अतिथिका रुपमा मान–सम्मान प्राप्त हुनेछ। तर सप्ताहान्तमा स्वास्थ्यबाधा, काममा अवरोध र विविध झमेला आइपर्ने सम्भावना छ। बेसुरमा हौसिनाले अर्थक्षय हुन सक्छ।

**वृष** - Taurus **इ, उ, ए, ओ, वा, वि, वु, वे, वो**
प्रारम्भमा केही उल्झन भए पनि पेसा र अध्ययनमा सफलता प्राप्त हुनेछ। मिहिनेत गरेर नाम, दाम र इनाम हात पार्ने समय छ। व्यावसायिक काममा पनि राम्रै फाइदा हुनेछ। कर्मयोगले सफलताको उचाइमा पुर्याउनेछ। नयाँ कार्य थालनी हुन सक्छ। प्रतिस्पर्धीहरु स्वतः पछि पर्नेछन्। प्रयत्न गर्दा यात्राको अवसर जुट्न सक्छ। व्यापार र उद्योगमा सामान्य फाइदा हुनेछ। सहयोगीहरु जुट्नाले काम बन्नेछन्। नयाँ योजना थाल्ने अवसर छ। प्रियजनसँग भेटघाट हुनेछ। आफन्तको साथ–सहयोग जुट्नाले उपलब्धि हातपार्न सकिनेछ।

**मिथुन** - Gemini **का, कि, कु, घ, ङ, छ, के, को, हा**
प्रारम्भमा घरेलु समस्या वा वादविवाद सुल्झाउन जुट्नुपर्ला। शुभचिन्तकहरुको सुझावलाई बेवास्ता गर्दा अलि दुःख पाइनेछ। बलभन्दा बुद्धिको उपयोगले काम लिने प्रयत्न गर्नुहोला। मंगलवारपछि स्थिति अनुकूल बन्नाले विभिन्न अवसर प्राप्त हुनेछन्। हिम्मतले काम बन्नेछ, अनुभवले ज्ञान बढ्नेछ भने मेहनतले आम्दानीको दिगो स्रोत जुट्न सक्छ। आँट र प्रतिभाद्वारा अरुलाई उछिन्न सकिनेछ। दिगो काम प्रारम्भ हुनेछ। व्यापार बढ्नेछ र फाइदा हुनेछ। प्रतिस्पर्धीहरुले सम्झौताको ढोका खोल्नेछन्। मिहिनेतले लक्ष्यमा पुर्याउनेछ।

**कर्कट** - Cancer **हि, हु, हे, हो, डा, डि, डु, डे, डो**
सुरुमा सहयोगीबाटै धोका हुन सक्छ। प्रतिस्पर्धामा अग्रस्थान हासिल गर्न मुस्किल पर्नेछ। आफ्ना कमजोरीबाट प्रतिद्वन्द्वीले लाभ उठाउन सक्छन्। कामले उत्साह जगाए पनि बीचमा केही व्यवधान देखापर्नेछन्। बेसुरमा निर्णय लिने बानीले समस्या निम्त्याउनेछ। आफन्तको सहयोगले काम लिने कोसिस गर्नुहोला। लगनशील प्रवृत्तिले लाभ दिलाउनेछ। सप्ताहान्तमा स्थिति अनुकूल बन्नेछ। आयस्रोत बढ्नुका साथै दिगो काम थालनी हुन सक्छ। भौतिक साधन जुट्नाले जोशजाँगर बढ्नेछ। पेसा–व्यवसायमा राम्रै लाभ हुनेछ।

**सिंह** - Leo **मा, मि, मु, मे, मो, टा, टि, टु, टे**
साता उत्साहवर्द्धक रहनेछ। बोलीको माध्यमले काम बन्नेछ। कार्यशैलीमा पनि सुधार ल्याउन सकिनेछ। पहिलेको कर्मफल प्राप्त हुनेछ। अध्ययन र लेखनशैलीमा सुधार आउनेछ। आँट गर्दा काम बन्नेछ। छोटो समयमै विशेष उपलब्धि प्राप्त हुनेछ। जुझारू कार्यशैलीले लक्ष्यमा पुर्याउनेछ। चुनौतीलाई अवसरमा बदल्न सकिनेछ। सप्ताहान्तमा केही उतारचढाव आउलान्। परिस्थितिले समयको महत्त्वबोध गराउनेछ। घरेलु समस्यामा सावधान रहनुहोला। कुरा लगाउनेहरुले सम्बन्धमा फाटो ल्याउन सक्छन्, सजग रहनुहोला।

**कन्या** - Virgo **टो, पा, पि, पु, ष, ण, ठ, पे, पो**
आफन्तसँगको भेटघाटले साता उत्साहवर्धक रहनेछ। आँट र मेहनतले प्रतिष्ठित काम गर्ने अवसर दिलाउनेछ। रमाइलो जमघट र खानपानको आनन्द प्राप्त हुनेछ। पुरूषार्थी कामको यश लिने अवसर प्राप्त हुनेछ। आकर्षक पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ। मंगलवारदेखि अध्ययनमा प्रगति हुनेछ। घरेलु सामान जोहो र किनमेलमा समय व्यतीत हुनेछ। सप्ताहान्तमा प्रतीक्षा गरिएको उपलब्धि प्राप्त हुनेछ। अनुभवले ज्ञान बढ्नेछ र मिहिनेतले आम्दानीको स्रोत जुट्न सक्छ। व्यापार र उद्योगमा फाइदा उठाउन सकिनेछ।

**तुला** - Libra **रा, रि, रू, रे, रो, ता, ति, तु, ते**
प्रारम्भमा खर्च बढ्नाले अर्थ अभाव देखा पर्न सक्छ। काम रोकिनाले दोहोर्याएर प्रयत्न गर्नुपर्ला। आवश्यक रकम जुटाउन सरसापट लिनुपर्ने हुन सक्छ। मंगलवारदेखि आफन्तको सहयोग जुट्नाले मनमा आनन्द मिल्नेछ। व्यवसाय विस्तार हुनेछ। लेखन र अभिव्यक्ति कलामा निखारता आउनेछ। रोकिएको काम सम्पादन हुनेछ। आम्दानी बढ्नेछ र मान–सम्मान पनि प्राप्त हुनेछ। तर सप्ताहान्तमा आस गरिएको नतिजा कमजोर आउन सक्छ। जटिल कामको जिम्मेवारी प्राप्त हुनेछ। नयाँ काम थाल्न पनि उपयुक्त साइत प्रतीक्षा गर्नुपर्ला।

**बृश्चिक** - Scorpio **तो, ना, नि, नु, ने, नो, या, यि, यु**
साताको प्रारम्भमा विशेष लाभ हुनेछ। सोचेका धेरै काम सम्पादन हुनेछन्। पेसा–व्यवसायमा मनग्य फाइदा हुनेछ। नयाँ क्षेत्रमा लगानी गर्ने र भौतिक साधन जुटाउने समय छ। सञ्चित रकम भने हातबाट बाहिरिन सक्छ। मंगल, बुध र बिहीवार अधिक खर्च बढ्नेछ। तापनि पछिका लागि लगानी गर्ने मौका छ। सोखले खर्च निम्त्याए पनि आवश्यक सामान जोहो गर्ने समय छ। सप्ताहान्तमा भविष्यको मार्गचित्र कोर्न सकिनेछ। साथीभाइसँग रमाइलो भेटघाट हुनेछ। तर, कुरा लगाउनेहरुले सम्बन्धमा फाटो ल्याउन सक्छन्, सजग रहनुहोला।

**धनु** - Sagittarius **ये, यो, भा, भि, भु, धा, फा, ढा, भे**
प्रारम्भमा एकपछि अर्को अवसर आउने समय छ। तर उचित विकल्प छान्न नसक्दा व्यवहारमा अन्योल बढ्न सक्छ। आफन्त र साथीभाइको शंकास्पद व्यवहारले मन झस्काउन सक्छ। तापनि प्रतिष्ठित काम गर्ने अवसर प्राप्त हुनेछ। मंगलवारदेखि आम्दानीका स्रोतहरु बढ्नेछन् भने मनग्य धन संग्रह हुनेछ। पछिसम्म फाइदा हुने काम सुरू गर्ने अवसर प्राप्त हुनेछ। सप्ताहान्तमा भने फजुल खर्च बढ्न सक्छ। समयमा होसियार नबन्दा काममा बाधा पुग्नेछ। तापनि यात्राको अवसर जुट्न सक्छ। परोपकारी काममा रकम खर्च हुनेछ।

**मकर** - Capricorn **भो, जा, जि, जु, जे, जो, ख, खि, खु, खे, खो, गा, गि**
नयाँ अवसर प्राप्त हुनाले काममा उत्साह जाग्नेछ। मिहिनेतले बिस्तारै सफलताको खुड्किलो चढ्न सकिनेछ। बुद्धिको उपयोगले चुनौतीहरुलाई पन्छाउन सफल भइनेछ। प्रयत्न गर्दा भाग्यले साथ दिनेछ। नयाँ काम तथा सीप सिक्ने अवसर प्राप्त हुनेछ। साताको उत्तरार्द्धमा पुरूषार्थले कीर्तिमानी दिलाउन सक्छ। गहिरो अध्ययनले पनि समस्या समाधान हुनेछ। विशिष्ट व्यक्तिहरुसँग पनि भेटघाट हुनेछ। मिहिनेतले नाम, दाम र इनाम दिलाउन सक्छ। पेसा–व्यवसायमा मनग्य लाभ हुनेछ। आयस्रोत बढ्नाले समस्या समाधान हुनेछन्।

**कुम्भ** - Aquarius **गु, गे, गो, सा, सि, सु, से, सो, द**
प्रारम्भमा स्वास्थ्य कमजोर रहे पनि कामको दायित्व बोझिलो हुनेछ। अरुको स्वार्थमा उपयोग भइएला। धनमाल हराउन सक्छ। अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपर्ने देखिन्छ। मंगलवारपछि स्थितिमा सुधार आउनुका साथै नयाँ अवसर पनि प्राप्त हुनेछन्। रोकिएका काम सम्पादन हुनुका साथै आयस्रोत पनि सबल बन्नेछ। सामाजिक क्षेत्रबाट हौसला प्राप्त हुनेछ। पहिलेको उपलब्धिले उत्साह जगाउनेछ। व्यापार बढ्नेछ र नयाँ जिम्मेवारी हातपार्न सफल भइनेछ। पेसा–व्यवसायमा फाइदा हुनेछ। कामले प्रसिद्धि बढाउनेछ।

**मीन** - Pisces **दि, दु, थ, झ, ञ, दे, दो, चा, चि**
सुरूमा प्रियजनसँग रमाइलो भेटघाट हुनेछ। उपहार तथा आतिथ्यपूर्ण सम्मान पाइनेछ। पेसा–व्यवसायमा राम्रो फाइदा हुनेछ। तारिफयोग्य कामले नाम, दाम र इनाम दिलाउन सक्छ। तर मंगलवारपछि अप्ठ्यारा कामको बोझ उठाउनुपर्ला। मौसमी रोग वा चोटपटकको योग देखिएकाले जोखिमबाट बच्न सावधान रहनुहोला। अर्थ अभावले पनि सताउनेछ। सप्ताहान्तमा स्थिति अनुकूल बन्नेछ। सामाजिक कार्यले सम्मानित स्थान दिलाउन सक्छ। अध्ययन तथा लेखनमा प्रगति हुने समय छ। मिहिनेतले नाम, दाम र इनाम दिलाउनेछ।

## मालिकाको......

त्यसैगरी स्थानीय कृषि उत्पादन, स्थानीय परिकार, स्लेट ढुङ्गा तथा अन्य स्थानीय स्रोत-साधनलाई पनि पर्यटनसँग जोड्ने सम्भावना छ। पर्यटकले गाउँमा आएर स्थानीय उत्पादन उपभोग गर्ने र खरिद गर्ने वातावरण बनाउन सके पर्यटनको प्रतिफल सीधै गाउँमा पुग्छ।

**– निजी क्षेत्र, विशेषगरी उद्योग वाणिज्य संघ, पर्यटन व्यवसायी तथा स्थानीय युवासँगको सहकार्यलाई गाउँपालिकाले कसरी अगाडि बढाइरहेको छ?**

उत्तर : पर्यटन सरकार एक्लैले विकास गर्न सक्ने क्षेत्र होइन। यसमा निजी क्षेत्र, स्थानीय समुदाय, व्यवसायी, युवा, महिला समूह र पर्यटनसँग सम्बन्धित विभिन्न संस्थाको सहभागिता आवश्यक हुन्छ। उद्योग वाणिज्य संघसँग सहकार्य गरेर पर्यटन प्रवर्द्धन अभियान अघि बढाउनुको मुख्य कारण पनि यही हो। गाउँपालिकाले पूर्वाधार र नीतिगत वातावरण निर्माण गर्न सक्छ भने निजी क्षेत्रले लगानी, प्रचारप्रसार, व्यवसाय सञ्चालन र सेवा प्रवाहमा महत्वपूर्ण भूमिका खेल्न सक्छ। स्थानीय युवालाई पनि पर्यटनसँग जोड्नुपर्छ। अहिले युवाको ठूलो हिस्सा रोजगारीको खोजीमा गाउँबाहिर जाने अवस्था छ। पर्यटनबाट स्थानीयस्तरमै आयआर्जनको सम्भावना देखाउन सकियो भने युवालाई गाउँमै रोक्न सकिन्छ। त्यसका लागि आगामी दिनमा निजी क्षेत्र, उद्योग वाणिज्य संघ, पर्यटन व्यवसायी र स्थानीय युवासँग उपयुक्त रणनीति बनाएर सहकार्यलाई थप प्रभावकारी बनाउने हाम्रो योजना छ।

**– डिजिटल माध्यम, सामाजिक सञ्जाल, वृत्तचित्र, पर्यटन महोत्सव वा अन्य प्रचारात्मक गतिविधिमार्फत मालिकाको पर्यटनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा चिनाउने योजना के छन?**

उत्तर : आजको पर्यटन प्रचारको सबैभन्दा प्रभावकारी माध्यम डिजिटल प्लेटफर्म हो। कुनै पर्यटकले गन्तव्य रोज्नुअघि त्यसबारे इन्टरनेट र सामाजिक सञ्जालमा खोजी गर्छ। त्यसैले हाम्रो पर्यटन प्रवर्द्धन पनि परम्परागत प्रचारमा मात्र सीमित हुनु हुँदैन। मालिका गाउँपालिकाका पर्यटकीय स्थलको राष्ट्रिय तथा अन्तर ाष्ट्रियस्तरमा प्रचारप्रसार गर्न पालिकास्तरीय वृत्तचित्र निर्माण भइसकेको छ। अब त्यसलाई विभिन्न डिजिटल माध्यमबाट व्यापक रुपमा प्रचारप्रसार गर्न आवश्यक छ। त्यस्तै सामाजिक सञ्जालमार्फत पर्यटकीय स्थलका तस्बिर, भिडियो, स्थानीय संस्कृति, मेलापर्व, पूजापाठ, धार्मिक तथा सांस्कृतिक गतिविधि नियमित रुपमा सार्वजनिक गर्न सकिन्छ। स्थानीय स्तरमा हुने मेला, पर्व तथा सांस्कृतिक कार्यक्रमलाई पनि पर्यटन प्रवर्द्धनसँग जोड्नुपर्छ। कुनै धार्मिक वा सांस्कृतिक कार्यक्रमलाई केवल स्थानीय कार्यक्रमका रुपमा सञ्चालन गर्नुको सट्टा बाहिरी जिल्लाका पर्यटकलाई समेत आकर्षित गर्ने गरी आयोजना गर्न सकियो भने त्यसको प्रभाव अझ ठूलो हुन्छ। भविष्यमा वृत्तचित्र, डिजिटल सामग्री, पर्यटन महोत्सव, पदयात्रा, सांस्कृतिक कार्यक्रम तथा सामाजिक सञ्जाल अभियानलाई एकीकृत रुपमा अघि बढाउने सोच छ।

**- पर्यटन विकाससँगै स्थानीय युवालाई रोजगारी र उद्यमशीलतामा जोड्ने विषयमा गाउँपालिकाका विशेष कार्यक्रम के-के छन्?**

उत्तर : पर्यटन विकासको अन्तिम उद्देश्य पर्यटकको संख्या बढाउनु मात्र होइन।




त्यसबाट स्थानीय मानिसले के पाए भन्ने कुरा महत्वपूर्ण हो। हामी युवालाई होटल तथा आतिथ्य सेवासम्बन्धी तालिम, पर्यटनसम्बन्धी जनचेतना तथा सम्भावित पर्यटकीय क्रियाकलापबारे जानकारी दिने कार्यक्रममार्फत पर्यटन उद्यमशीलतामा जोड्न चाहन्छौँ। युवाले होटल, होमस्टे, ट्रेकिङ तथा गाइड सेवा, यातायात, स्थानीय उत्पादन बिक्री, हस्तकला, स्थानीय परिकार, कृषि तथा पर्यापर्यटनलगायत विभिन्न क्षेत्रमा व्यवसाय गर्न सक्छन्। पर्यटक आएपछि उनीहरुलाई सेवा दिने स्थानीय जनशक्ति नै आवश्यक हुन्छ। त्यसैले पर्यटन विकाससँगै सीप विकासलाई पनि अगाडि बढाउनुपर्छ। विशेषगरी युवालाई 'पर्यटन भनेको बाहिरबाट आउने मानिसका लागि मात्र होइन, आफ्नै गाउँमा उद्यम गर्ने अवसर पनि हो' भन्ने बुझाउन आवश्यक छ।

**– पर्यटन विकासका क्रममा बजेट, पूर्वाधार, लगानी वा अन्य चुनौतीहरू के छन्, र ती समाधान गर्न गाउँपालिकाले कस्ता पहल गरिरहेको छ?**

उत्तर : मालिका गाउँपालिकामा पर्यटनको ठूलो सम्भावना भए पनि त्यसअनुसारको विकास गर्न पर्याप्त बजेटको अभाव छ। स्थानीय तहको आफ्नै स्रोत सीमित छ। धेरै गन्तव्य पहाडी तथा दुर्गम क्षेत्रमा रहेका कारण त्यहाँ पूर्वाधार पुऱ्याउन पनि खर्चिलो हुन्छ। अर्को चुनौती भनेको सम्भावना भएका धेरै गन्तव्यको पर्याप्त प्रचार हुन नसक्नु हो। गन्तव्यको पहिचान र प्रचारप्रसारसँगै त्यहाँ पुग्ने पूर्वाधार पनि आवश्यक हुन्छ। यी समस्या समाधानका लागि सरकार, निजी क्षेत्र र गैरसरकारी क्षेत्रबीच सहकार्य आवश्यक छ। स्थानीय तहको बजेटबाट मात्र सबै काम सम्भव हुँदैन। प्रदेश तथा संघीय सरकारसँग समन्वय गरेर आवश्यक पूर्वाधार विकासका लागि पहल गर्नुपर्छ। निजी क्षेत्रलाई लगानीका लागि आकर्षित गर्नुपर्छ। स्थानीय समुदायलाई पर्यटन व्यवसायमा सहभागी गराउनुपर्छ। पर्यटनलाई छुट्टाछुट्टै योजना होइन, समग्र आर्थिक विकासको योजनाका रुपमा हेर्न सके मात्रै सीमित स्रोतको अधिकतम उपयोग गर्न सकिन्छ।

**– मालिका गाउँपालिकालाई आगामी पाँचदेखि दस वर्षभित्र गण्डकी प्रदेशकै आकर्षक ग्रामीण पर्यटन गन्तव्यका रूपमा स्थापित गर्ने तपाईंको दीर्घकालीन दृष्टिकोण के हो?**

उत्तर : हाम्रो दीर्घकालीन लक्ष्य मालिका गाउँपालिकालाई गण्डकी प्रदेशकै उत्कृष्ट ग्रामीण पर्यटन गन्तव्यका रुपमा विकास गर्नु हो। यसका लागि सबैभन्दा पहिले यहाँका प्राकृतिक तथा सांस्कृतिक स्रोतको संरक्षण गर्नुपर्छ। पर्यापर्यटनलाई प्राथमिकता दिनुपर्छ। धार्मिक तथा आध्यात्मिक स्थललाई व्यवस्थित र आकर्षक बनाउनुपर्छ। त्यसैगरी खानी तथा जलविद्युत क्षेत्रका सम्भावनालाई पनि वातावरणीय तथा सामाजिक पक्षलाई ध्यानमा राख्दै समुचित उपयोग गर्न सकिन्छ। हाम्रो उद्देश्य केवल ठूलो संख्यामा पर्यटक ल्याउने होइन। प्रकृति नबिगार्ने, स्थानीय संस्कृति नष्ट नगर्ने र स्थानीय समुदायले प्रत्यक्ष लाभ पाउने दिगो पर्यटन विकास गर्नु हो। मालिका गाउँपालिकालाई एउटा गन्तव्यका रुपमा मात्र होइन, विभिन्न पर्यटकीय स्थल, संस्कृति, कृषि, प्रकृति र धार्मिक सम्पदालाई जोडिएको पर्यटन क्षेत्रका रुपमा विकास गर्नुपर्छ। यदि आगामी पाँचदेखि दस वर्षसम्म निरन्तर योजना बनाएर पूर्वाधार विकास, प्रचारप्रसार, निजी क्षेत्रको लगानी र स्थानीय समुदायको सहभागितालाई अघि बढाउन सकियो भने मालिका गण्डकी प्रदेशको आकर्षक ग्रामीण पर्यटन गन्तव्य बन्न सक्छ भन्ने हाम्रो विश्वास छ।

**– अन्त्यमा, मालिका गाउँपालिकाको प्राकृतिक सौन्दर्य, धार्मिक तथा सांस्कृतिक सम्पदा अवलोकन गर्न चाहने स्वदेशी तथा विदेशी पर्यटकलाई तपाईं के सन्देश दिन चाहनुहुन्छ?**

उत्तर : मालिका गाउँपालिकामा पर्यटकलाई आकर्षित गर्ने सबैभन्दा ठूलो सम्पत्ति यहाँको प्राकृतिक सौन्दर्य हो। गाउँपालिकाका धेरै स्थानबाट माछापुच्छे, अन्नपूर्ण र नीलगिरिलगायतका हिमशृंखलाको मनमोहक दृश्यावलोकन गर्न सकिन्छ। तर हिमालको दृश्य मात्र यहाँको आकर्षण होइन। यहाँ झरना, तालतलैया, खोलानाला, हरियाली वनजंगल, वन्यजन्तु, जडीबुटी, धार्मिक तथा ऐतिहासिक स्थल र विविध जातजातिको मौलिक कला तथा संस्कृति पनि छन्। मालिकामा आएर प्रकृतिलाई नजिकबाट अनुभव गर्न सकिन्छ। धार्मिक तथा आध्यात्मिक स्थलमा पुगेर शान्तिको अनुभूति गर्न सकिन्छ। स्थानीय समुदायसँग घुलमिल भएर उनीहरुको जीवनशैली, कला, संस्कृति, भाषा, खानपान र परम्पराबारे बुझ्न सकिन्छ। त्यसैले स्वदेशी तथा विदेशी पर्यटकलाई म आग्रह गर्न चाहन्छु–म्याग्दी आउँदा मालिकालाई पनि आफ्नो यात्राको गन्तव्य बनाउनुहोस्। यहाँका हिमाल, पहाड, वनजंगल, तालतलैया, धार्मिक स्थल र स्थानीय संस्कृति अवलोकन गर्नुहोस्। स्थानीय उत्पादन प्रयोग गर्नुहोस्, स्थानीय समुदायसँग जोडिनुहोस् र मालिकाको मौलिकतालाई अनुभव गर्नुहोस्। हामी पर्यटकलाई केवल घुम्न आउने पाहुनाका रुपमा होइन, मालिकाको प्राकृतिक, धार्मिक तथा सांस्कृतिक सम्पदाका साझेदारका रुपमा स्वागत गर्न चाहन्छौँ। मालिकाको पर्यटन विकास भनेको केवल पर्यटक बढाउनु होइन–स्थानीय अर्थतन्त्र बलियो बनाउनु, युवालाई गाउँमै अवसर सिर्जना गर्नु, स्थानीय उत्पादनको बजार विस्तार गर्नु र पुस्तौँदेखि जोगिँदै आएको हाम्रो कला, संस्कृति तथा पहिचानलाई नयाँ पुस्तासम्म पुऱ्याउनु हो। त्यसैले गाउँपालिकाको नेतृत्वमा निजी क्षेत्र, स्थानीय समुदाय, युवा र सबै सरोकारवालाको सहकार्यबाट पर्यटन विकासलाई अभियानकै रुपमा अघि बढाउने हाम्रो प्रतिबद्धता छ।

## युवाले...

पूर्ण गौचनले होटल हिलभ्यू सञ्चालन गरी रहनु भएको छ । करिब १५ वर्षअघि २० लाख मुल्यमा सामग्री सहित खरिद गरेर सञ्चालनमा ल्याएको होटलमा परिवारका सदस्यसहित सात जनाले प्रत्यक्ष रोजगारी पाएका छन् । एकै दिनमा अधिकतम १५० जनासम्मलाई सेवा दिन सक्ने क्षमता रहेको होटलबाट आफू व्यवसायिक रुपमा सन्तुष्ट रहेको गौचनको भनाई छ । खानाको परिकार उत्कृष्ट बनाउने भनेर चिनिने थकाली समुदायका उहाँले पनि युवाहरूलाई स्वदेशमै रोजगारी दिन मद्दत गर्नुभएको छ ।

त्यसैगरी, २०६० को दशकदेखि होटल व्यवसायमा सक्रिय बाबुराम आचार्यले हाल होटल याक बेनी प्रालि सञ्चालन गरिरहनु भएको छ । उहाँले गलेश्वरस्थित सञ्चालन गरेको व्यवसायमा परिवारका दुई जना सदस्यसहित २५ जनाले रोजगारी पाएका छन् । रोजगारीको खोजीमा भारत तथा खाडीमा पुगेर फर्कनुभएका आचार्यले कुनै समय आफै रोजगारी खोजी गर्दै हिडेको भए पनि पछिल्लो दुई दशकदेखि स्वदेशमै बसेर अरुका लागि रोजगारी सिर्जना गर्न पाएकोमा गर्व लागेको सुनाउनुभयो ।

म्याग्दीमा पछिल्ला वर्षहरुमा पर्यटन, होटल तथा सेवा क्षेत्र विस्तार भएसँगै स्थानीय उद्यमीहरु पनि व्यवसाय विस्तारमा जुटेका छन् । उनीहरुले स्थापना गरेका व्यवसायले जिल्लाको आर्थिक गतिविधि चलायमान बनाउनुका साथै युवालाई स्वदेशमै रोजगारीका अवसर सिर्जना गरिरहेका छन् । स्थानीय स्तरमा उत्पादन, सेवा र लगानी बढ्दै जाँदा म्याग्दीको अर्थतन्त्रलाई थप मजबुत बनाउन यस्ता उद्यमशील प्रयासहरुले महत्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको छ ।



# उत्कृष्ट स्थान हासिल गर्ने विद्यार्थी पुरस्कृत



केबी एकेडेमी एन्ड बोर्डिङ स्कुलले सञ्चालन गरेको पहिलो त्रैमासिक परिक्षामा उत्कृष्ट स्थान हासिल गर्ने विद्यार्थीहरूलाई पुरस्कार वितरण गरिएको छ । पुरस्कार वितरण समारोहमा प्याब्सन म्याग्दीका अध्यक्ष हिराबहादुर पुन तथा विद्यालयका शिक्षक तथा अभिभावकहरूके समेत सहभागिता रहेको थियो । विद्यालयले विद्यार्थीमा रहेको क्षमतालाई प्रष्फुटन गराउनका लागि विभिन्न गतिविधिहरू पनि गर्दै आएको विदालयका प्रिन्सिपल बिमल शर्माले बताए । विद्यालयले शैक्षिक, खेलकुद, साँस्कृतिक तथा सामाजिक गतिविधिमा पनि विद्यार्थीहरूलाई सहभागीता गराउँदै आएको छ ।
















प्रो.पुर्ण गौचन ९८५७६३०२७८
होटल हिलभ्यू, थकाली भान्साघर
पिपलचोक, बेनी, म्याग्दी
फोन :- ०६९-५२११५८/५२०३५९
पारिवारीक वातावरणमा आरामदायी वास तथा, कन्टीनेन्टल, नेपाली तथा स्वादीलो थकाली खनाकालागि सदैव हामीलाई सम्झनुहोस ।

लक्ष्मी जननी मिडिया हाउस प्रा.लि. द्वारा प्रकाशित म्याग्दी नेपाल साप्ताहिकका लागि अध्यक्ष/प्रकाशकः अमृतप्रसाद पौडेल (अमृत बास्कुने)
सम्पर्कः ९८५७६४०२६६, ९८०५१२३०००, इमेल :erupse@gmail.com, कार्यालय, बेनी नगरपालिका ८, बेनी म्याग्दी, सम्पादकः तुलसी सुवेदी